# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष ११ गते २०१२ साल

### पब्लिक सर्भिस कमिशनको
### विज्ञापन नं २५

सि. नं. २६

७-६-०१२

स्वास्थ्य विभागान्तर्गत नर्सिंग ट्रेनिङ प्रोजेक्टलाई २ जना काउन्टर पार्ट नर्स चाहिएकाले योग्य उमेदवारहरूले प.स.क.दरखास्त फाराम नं १ (२०१०) मा भरी २०१२ साल पौष २६ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ । दरखास्तसाथ फी पठाउन पर्दैन ।

पदका विवरण यस प्रकार छन् :—

१. पद:- गजेटेड, तीन वर्षको अस्थायी ।

२. आवश्यक न्यूनतम योग्यता:- सरकारबाट स्वीकृत भएको सीनियर सर्टिफिकेट अफ् नर्सिंग एण्ड मिडवाईफ्री ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. विशेष योग्यता:— नेपाली र अंग्रेजीमा बोल्न र लेख्न सक्ने हुनुपर्छ। नर्सहरूलाई सिकाउन र तालिम गर्नुपर्ने हुनाले सो कामको अनुभव भएकालाई ग्राह्यता दिइनेछ।

४. मासिक तलब, भत्ता, इत्यादि समेत जम्मा:— भा नो. रु. २४५॥।

५. काम:— उपत्यकामा रहेको नर्सिङ्ग प्रोजेक्ट स्कूलमा कन्या विद्यार्थीहरूलाई नर्सिङ्ग विषय पढाउने र सिकाउने।

६. विशेष सहुलियत:— नर्सेज ट्रेनिङ स्कूलको कम्पाउण्ड घरमा बस्न पाइने, भाडा तिर्नु पर्दैन।

खड्गमान मल्ल

सेक्रेटरी, — पब्लिक सर्भिस कमिशन,

सिंहदरबार, काठमाडौं, नेपाल

## पब्लिक सर्भिस कमिशनको सूचना

सरकारी काम काजलाई ग्रयाजुएट र सोदेखि माथिका न्यूनतम शैक्षिक योग्यता भएका २४ जवान मानिसहरूको दरकार परेको विज्ञापन रेडियो तथा पत्रपत्रिकाहरूमा प्रसारित र प्रकाशित भइसकेको छ।

उमेदवारहरू निम्नलिखित विषयहरूका प्रतियोगिता परिक्षाद्वारा छान्ने काम हुनेछ। लिखित परिक्षा ग्रयाजुएटकाहरूका निमित्त एक र सोदेखि माथिका शैक्षिक योग्यता भएका उमेदवारहरूका निमित्त एकथरी जम्मा दुइ परीक्षा हुनेछन्। दुवै परिक्षा सङ्ग संगै चालू हुनेछन्।

यस परिक्षामा तपसीलको मितिमितिमा तपसीलबमोजिम जम्मा ६ प्रश्न पत्र रहनेछन् प्रत्येक पत्र ३ घंटाको हुनेछ। परीक्षा समय प्रत्येक दिन १ बजेदेखि ४ बजेसम्म सरस्वतीसदनमा हुनेछ

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| प्रश्नपत्रहरु | पूर्णांक | परीक्षा–मिति |
|---|---|---|
| १ नेपालको राज्यव्यवस्था, नेपाली भूगोल. नेपाल भरका आधुनिक घटनाहरु र संवत् १८२५ उपरान्त नेपालको इतिहास | १०० | २०१२।६।१८।२ |
| २. राष्ट्रिय योजना विकाश र सामूहिक योजनाहरु, ब्याँक सम्बन्धी कामकाजहरु मुद्रा र विनिमय, औद्योगीकरण, परराष्ट्रसंबन्धी नीति र घटनाहरु (साधारण ज्ञान) | १०० | २०१२।६।१९।३ |
| ३. सामान्य ज्ञान र आधुनिक घटनाहरु (Gen ral Knwlede and lurr-ent Affair) | १०० | २०१२।६।२०।४ |

नोटः— उत्तर कापी प. स. क. बाटै पाइनेछ। परीक्षाका निमित्त छानिएका उमेदवारहरुका नाम प. स. क नोटिस बोर्डमा २०१२।६।१७।१ मा प्रकाशित गरिने छन्।

उमेदवारले आफ्नो शैक्षिक योग्यताको सक्कलै प्रमाणपत्र २०१२।६।१४ बिहिवारका दिन १२ बजे लिएर उपस्थित हुनुपर्छ। सो प्रमाणपत्र जाँची परीक्षा सदनको प्रवेशपत्र दिइनेछ।

लिखितपरीक्षाबाट अन्तर्वार्ताका निमित्त योग्य देखिएका उमेदवारहरुको नाम तथा अन्तर्वार्ता को मिति गोरखापत्र र प.स.क. नोटिस बोर्डमा प्रकाशित गरिनेछन्।

आज्ञाले —

खड्गमान मल्ल,

सेक्रेटरी पब्लिक सर्भिस कमिशन

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

965

## प. स. क. को विज्ञापन नं. २८ 'क'

स्वास्थ्य विभाग—अन्तर्गत भक्तपुर अस्पताललाई एक अस्थायी डाक्टर चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ [२०१०] मा भरी २०१२ साल फाल्गुन ३ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त दिनुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन।

पदको विवरण यस प्रकार छः—

१. पदः— डाक्टर, गजेटेड, अन्दाजी १ वर्ष ६ महिनाको अस्थायी
२. आवश्यक न्यूनतम योग्यताः—— एम. बी. बी. एस्
३. मासिक वेतन स्केलः — रु. १८०—२६० ।
४. मासिक महँगी भत्ताः — रु. २० ।
५. विशेष सहूलियतः—— नसजिकको फ्री क्वार्टर पाइनेछ ।

आज्ञाले:—
खड्गमान मल्ल,
सेक्रेटरी— पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं, नेपाल.

## प. स. क. को विज्ञापन नं. ६४

शिक्षा विभाग—अन्तर्गत त्रिचन्द्र कलेजलाई दुइ जना अंग्रेजी लेक्चरर चाहिएका छन्। योग्य उमेदवारहरू प. स. क. दरखास्त फाराम नं. १ [२०१०] मा भरी २०१२ साल माघ २३ गते रोज २ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नुहोला। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ। दरखास्तसाथ फी पठाउनुपर्दैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पदको विवरण यस प्रकार छन्:—

१. पद: — अंग्रेजी लेक्चरर, गजेटेड, स्थायी तथा पेन्शन पाइने।

२. आवश्यक न्यूनतम योग्यता :— अंग्रेजीमा एम्. ए. पहिला अथवा दोस्रा श्रेणीमा उत्तीर्ण भएकालाई विशेष ग्राह्यता दिइनेछ।

३. मासिक तलबको स्केल:— मो. रु. १८०।—५००।

४. मासिक महँगी भत्ता:— मो. रु. २०।

५. अभ्यास अवधि: ६ महिना।

आज्ञाले:—
खड्गमान मल्ल,
सेक्रेटरी:— पब्लिक सर्भिस कमिशन
सिंहदरबार, काठमाडौं नेपाल



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९८१

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।